# बर्दघाट नगरपालिका

नवलपरासी जिल्ला,
लुम्बिनी प्रदेश, नेपाल

## स्थानीय राजपत्र

खण्ड १ अंक: २ कार्तिक, १३ गते २०८१ साल (संख्या: १६)

### भाग-२

नगर कार्यपालिकाको मिति: २०८१/०७/१३ मा स्वीकृत भएको देहाय वमोजिमको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

बर्दघाट नगरपालिकाको कार्यसञ्चालन खर्च सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८१

१. बर्दघाट नगरपालिकाको कार्यसञ्चालन खर्च सम्बन्धी कार्यविधि, २०८० को सट्टा बर्दघाट नगरपालिकाको कार्यसञ्चालन खर्च सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८१ रहेको छ ।

२. कार्यविधिको दफा ६ को बुंदा (८) पछि देहायको बुंदा नं (९) थप गरिएकोछ ।

(९) कार्यालयकका शाखा प्रमुखलाई कार्यालयबाट विविध खर्च चियापानमा शाखामा रहेको दरवन्दी अनुसार आवश्यकता र औचित्यताका आधारमा देहायवमोजिम चिया खर्च उपलव्ध गराईनेछ ।

(क) दरवन्दी संख्या जना-५ वा सो भन्दा बढी भएको शाखाको हकमा बढीमा रु ५ हजार सम्म विविध खर्च उपलव्ध गराइनेछ ।

(ख) दरवन्दी संख्या ५ भन्दा कम भएको शाखाको हकमा प्रतिव्यक्ति (कर्मचारी) रु १ हजारमा नबढ्ने गरी विविध खर्च उपलव्ध गराइनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

३. अनुसूचि-२ को बुँदा ६ मा संशोधन " कार्यालय समयको अतिरिक्त दैनिक औषतमा २ घण्टा काम गरेको ई-हाजिरबाट देखिनु पर्नेछ । सो भन्दा कम भएमा दामासाहीले कट्टा गरिनेछ"

भन्ने शब्दहरुको सट्टा " कार्यालय समयको अतिरिक्त दैनिक औषतमा २ घण्टा काम गरेको ई-हाजिरबाट देखिनु पर्नेछ । सो भन्दा कम भएमा दामासाहीले कट्टा गरिनेछ तर कार्यालयमा कार्यसम्पादन करारमा लक्ष्य तोकि सो लक्ष्य पुरा भएको हकमा तोकिएबमोजिम प्रोत्साहन गर्न ई-हाजिरिले बाधा पर्नेछैन" भन्ने शब्दहरु थप गरिएकोछ ।

४. अनुसूचि-२ को बुँदा (७) पछि देहायको बुँदा नं (८) थप गरिएकोछ ।

(८) अहोरात्र खटीने सवारी चालकको हकमा लकबुकमा प्रमाणीत भएनुसार बढीमा दैनिक रु ४००.० सम्म खाना/खाजा खर्च उपलव्ध गराइनेछ ।

आज्ञाले,

(प्रकाश खनाल)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत